# निर्वाचन अधिकृतको कार्यालय

*फर्ष्ट माइक्रोफाइनानान्स लघु वित्त वित्तीय संस्था लि.*

ज्ञानेश्वर, काठमाडौं

## <u>*निर्वाचन कार्यक्रमको सूचना*</u>

फर्ष्ट माइक्रोफाइनानान्स लघु वित्त वित्तीय संस्था लि.को मिति २०७९/०९/३० मा हुने १३ औं बार्षिक साधारण सभाबाट संस्थापक समुह "क" का शेयरधनीको सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ३(तीन) जना सञ्चालकको निर्वाचनको प्रयोजनको लागि फर्ष्ट माइक्रो फाइनानान्स लघु वित्त वित्तीय संस्था लि.को निर्वाचन निर्देशिका, २०६९ को दफा ९ अनुसार तपशिल बमोजिमको निर्वाचन कार्यक्रम सूचना प्रकाशित गरिएको व्यहोरा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि अनुरोध छ ।

**तपशिल**

| क्र.सं. | कार्यक्रम | मिति | समय | स्थान | कैफियत |
|---|---|---|---|---|---|
| १. | मतदाता नामावली प्रकाशन गर्ने | २०७९/०९/१९ | ११AM | नि.अ.को कार्यालय | |
| २. | मतदाता नामावलीमा दावी विरोध गर्ने | २०७९/०९/१९ | ११AM देखि २ PM सम्म | ऐ. | |
| ३. | मतदाता नामावली छानविन गरि अन्तिम मतदाता नामावली प्रकाशन गर्ने | २०७९/०९/१९ | ३ PM | ऐ. | |
| ४. | उम्मेदवारहरुको मनोनयन पत्र दर्ता गर्ने | २०७९/०९/२० | ११.०० AM देखि १.०० PM सम्म | ऐ. | |
| ५. | उम्मेदवारहरुको प्रथम चरणको नामावली प्रकाशन गर्ने | २०७९/०९/२० | १.३० PM | ऐ. | |
| ६. | उम्मेदवारहरुको नाम उपर दावी विरोधमा उजुर दिने । | २०७९/०९/२१ | ११.०० AM देखि १.०० PM सम्म | ऐ. | |
| ७. | उम्मेदवारहरुको मनोनयनपत्रको | २०७९/०९/२१ | २.५० PM | ऐ. | |

| | | | | | |
|---|---|---|---|---|---|
| | जाँच र उजुरी उपर निर्णय गरि नामावली प्रकाशित गर्ने | | | | |
| ८. | उम्मेदवारहरुले आफ्नो नाम फिर्ता लिन सक्ने | २०७९/०९/२२ | ११.०० AM देखि १.०० PM सम्म | ऐ. | |
| ९. | उम्मेदवारहरुको अन्तिम नामावली प्रकाशित गर्ने | २०७९/०९/२२ | १.३० PM | ऐ. | |
| १०. | मतदान गर्ने | २०७९/०९/३० | साधारण सभामा जानकारी गराइने | साधारण सभा स्थल | |
| ११. | मतगणना गर्ने | मतदान कार्य समाप्त भएपछि | | ऐ. | |
| १२. | निर्वाचन परिणाम घोषणा गर्ने | मतगणना कार्य समाप्त भएपछि | | ऐ. | |

***उम्मेदवार हुन चाहने शेयरधनीले ध्यान दिनुपर्ने कुराहरुः-***

१. संचालक पदमा उम्मेदवार हुन चाहने शेयरधनी व्यक्तिले कम्तिमा १०००(एक हजार) कित्ता शेयर लिएको हुनुपर्ने छ ।

२. संचालक पदमा उम्मेदवार हुन चाहने शेयरधनी व्यक्तिले नेपाल राष्ट्र बैकले तोकेको निम्न योग्यता तथा कार्य अनुभव पुरा गरेको हुनु पर्नेछ ।

क. विदेशी वा स्वदेशी बैंक वा वित्तीय संस्था वा सम्बन्धित क्षेत्रका संगठित संस्थाको सञ्चालक वा पदाधिकारी तहमा वा नेपाल सरकारको कम्तिमा अधिकृत स्तरमा तीन बर्ष काम गरेको वा,

ख. दश जोड दुई वा प्रविणता प्रमाणपत्र तह वा माध्यमिक तह (कक्षा १२ सम्म) उत्तीर्ण गरेको र विदेशी वा स्वदेशी बैंक वा वित्तीय संस्था वा सम्बन्धित क्षेत्रका संगठित संस्थाको सञ्चालक वा पदाधिकारी तहमा वा नेपाल सरकारको कम्तिमा अधिकृत स्तरमा कम्तिमा दुई बर्ष काम गरेको वा,

ग. व्यवस्थापन, बैकिङ्ग,वित्तीय,मौद्रिक, अर्थशास्त्र, बाणिज्यशास्त्र, लेखाशास्त्र, तथ्याङ्कशास्त्र, गणितशास्त्र, व्यापार प्रशासन, जनप्रशासन वा कानून विषयमा स्नातक उपाधि हाँसिल गरेको ।

३. साथै सञ्चालक पदमा उम्मेदवार हुन चाहने शेयरधनी व्यक्ति बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १८ ले तोके बमोजिम अयोग्य भएमा निजले बैंकको सञ्चालक पदमा उम्मेदवारी दिन पाउने छैन ।

४. नेपाल राष्ट्र बैंकको पत्र संख्याः बैं.वि.नि.वि./नीति/परिपत्र/घ/४/०७९/८० मिति २०७९/०८/२९ को घ बर्गका इजाजतपत्रप्राप्त लघुवित्त वित्तीइ संस्थाहरुका नाउँमा जारि भएको निर्देशन अनुसार सञ्चालक पदमा उम्मेदवारी दिने व्यक्ति टाट नपल्टेको वा भ्रष्टाचार वा बेइमानी वा जालसाजीको आरोपमा सजाग नपाएको र प्रहरी प्रतिवेदनमा आपराधिक पृष्ठभूमी (Criminal Record ) नदेखिएको हुनुपर्ने छ । आपराधिक पृष्ठभूमी (Criminal Record ) नदेखिएको प्रमाण संलग्न गर्नुपर्ने छ ।

५. सञ्चालक पदमा उम्मेदवार हुन चाहने शेयरधनीले कालोसूचीमा नरहेको प्रमाण संलग्न गर्नुपर्ने छ ।

६. सञ्चालक पदमा उम्मेदवार हुन चाहने शेयरधनीले कर चुक्ता गरेको प्रमाण संलग्न गर्नुपर्ने छ ।

७. फर्ष्ट माइक्रोफाइनानान्स लघु वित्त वित्तीय संस्था लि.को निर्वाचन निर्देशिका २०६९ संशोधन समेत को दफा १० बमोजिमको योग्य हुनुपर्ने छ ।

८. सञ्चालक पदमा उम्मेदवार हुन चाहने शेयरधनीले निर्वाचन अधिकृत द्धारा प्रकाशित माथि उल्लेखित निर्वाचन कार्यक्रम अनुसार तोकिएको मिति तथा समयमा वित्तीय संस्थाको केन्द्रिय कार्यालयमा रहेको निर्वाचन अधिकृतको कार्यालयमा एकजना शेयरधनी प्रस्तावक र अर्को शेयर धनी समर्थक सहित तोकिएको ढाँचामा आवश्यक कागजात संलग्न गरि आफ्नो उम्मेदवारी दर्ता गराउनु पर्नेछ ।

९. सभामा भाग लिने व्यक्ति र मतदान गर्ने व्यक्ति एउटै हुनुपर्ने छ ।

१०. अन्य कुराहरु फर्ष्ट माइक्रोफाइनानान्स लघु वित्त वित्तीय संस्था लि ले मिति २०७९/०९/०६ गते कारोवार राष्ट्रिय दैनिकमा प्रकाशित सूचना र फर्ष्ट माइक्रोफाइनानान्स लघु वित्त वित्तीय संस्था लि को बेवसाइट www.fmdb.com.np मा राखिएको तेह्रौं साधारण सभा सम्बन्धि सूचनाको निर्वाचन सम्बन्धि जानकारी खण्डमा उल्लेख गरिए अनुसारको व्यहोरा सवै शेयरधनी माहानुभावहरुले जानकारी पाइसकेको हुँदा सोही बमोजिम हुने व्यहोरा अनुरोध छ ।

निर्वाचन अधिकृत
बरिष्ठ अधिवक्ता रामचन्द्र सुवेदी
मिति २०७९/०९/११